श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं

**फैसला**

२०७८।०७९ सालको निर्णय नं. ३२७

पुनरावेदन नं. ०७६-RB-०११२

**मुद्दाः– अग्रीमकर (२०७०/०७१) ।**

साविक विजनेश युनिभर्सल डेभलपमेन्ट बैंक लिमिटेड हाल का.जि.का.म.न.पा.वडा नं.१ हात्तिसार स्थित सिद्धार्थ बैंक लिमिटेड प्रधान कार्यालयको तर्फबाट अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृत वर्ष ५६ को शम्भु नाथ गौतम........................१ } **पुनरावेदक /प्रतिवादी**

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर.......................................... १

आन्तरिक राजस्व विभाग, लाजिम्पाट.........................................................१ } **प्रत्यर्थी/ वादी**

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय,हरिहरभवन

शुरु निर्णय गर्ने अधिकारीः  प्रमुख कर प्रशासक श्री धनीराम शर्मा

शुरु कर्यालयको निर्णय मितिः–२०७५/०२/३१

**पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः २०७६/०५/०३

## उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट : ×

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।५।३ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ ।

## तथ्य खण्ड

१. करदाता साविक बिजनेश युनिभर्सल डेभलपमेण्ट बैंक हाल सिद्धार्थ बैंकले आर्थिक वर्ष २०७०।०७१ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७१।०९।२२ मा पेश भएको आय विवरण ।

२. उक्त आ.व.को आय विवरण कर परीक्षणको सिलसिलामा करदाताबाट पेश हुन आएको कागजात, फाँटवारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतको आधारमा प्रस्तुत करदाताले आ.व. २०७०/०७१ मा श्रोतमा कर कट्टी गरी दाखिला नगरेको कर रकम रु.४,१९,११५।- (चार लाख उन्नाइस हजार एक सय पन्ध्र रुपैया) आयकर ऐन, २०५८ को दफा ९० को उपदफा ८ बामोजिम माग गर्नुपर्ने देखिएकोले सो बामोजिम गर्नु नपर्ने कुनै ठोस सबुद/प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र पेश गर्न ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०२।१० मा लिखित सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय हरिहरभवनबाट मिति २०७५।०२।१० मा जारी भएको सूचना करदाताले सोको जवाफ मिति २०७५।०२।२५ मा पेश गरेको ।

४. करदाताको आ.व. २०७०/०७१ मा श्रोतमा करकट्टी गरी दाखिला नगरेको कर रकम रु.४,१९,११५।- आयकर ऐन २०५८ को दफा ११९ बमोजिमको व्याज र दफा १२०(क) बमोजिमको शुल्क समेत दाखिला गर्न ऐ.ऐनको दफा ९० को उपदफा (८) बमोजिम कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालयबाट मिति २०७५/०२/३१ मा खडा भएको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालयले मिति २०७५/०२/३१ मा जारी गरेको आ.व. २०७०/०७१ को श्रोतमा करकट्टी दाखिला गर्न निर्धारण आदेशमा चित्त नबुझी साविक विजनेश युनिभर्सल डेभलपमेन्ट बैंक लिमिटेड हाल सिद्धार्थ बैंक लिमिटेडले प्रशासकीय

पुनरावलोकनका लागि मिति २०७५/०४/१८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले आफ्ना कर्मचारीबाट सहुलियत कर्जामा असुल गरेको व्याजदर र कर्जामा असुल गरेको व्याजको औषत दर विचको फरक दरले हुने व्याज रकम आयमा समावेश गरी आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम पारिश्रमिक करको गणना गरी अग्रिम कर कट्टी माग गरेकोमा सो सम्बन्धमा नपुग्ने गरी शूरु कार्यालयबाट गरेको आदेश कानून सम्मत नै देखिएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभाग काठमाण्डौंबाट मिति २०७६।०५।०३ मा भएको निर्णय।

७. पुनरावेदकले आफ्ना कर्मचारीलाई उपलब्ध गराएको कर्मचारी सापटीमा ८ % का दरले व्याज लिने गरेको, यसरी ८% को हाराहारीमा कर्जा प्रवाह गरिरहेको अवस्थामा पाउन सक्ने कर्जा सोही दरलाई आधार मानी सापटी व्याज लिने व्यवस्था हुन्छ। यसरी कोषको लागत भन्दा सापटीमा बढी व्याजदर लिइएको सुविधा मात्र नमिल्ने भई उक्त सापटीको व्याजलाई वार्षिक आयमा समावेश नगरिएको भनि विपक्षी कार्यालयबाट आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम अग्रिम करकट्टी गर्न नसक्ने गरी गरेको शुरु कार्यालयको निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व कार्यालयका महानिर्देशकबाट भएको निर्णय समेत कानुन सम्मत नभएकोले बदर गरी पाउँ भन्ने व्यहोराको पुनरावेदकबाट मिति २०७६।०९।०३ मा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/१०/१५ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले शुरु कार्यालयबाट भएको अग्रिम कर कट्टी हुने गरी निर्धारण भएको आदेश कानून सम्मत नै रहेको र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागले गरेको निर्णय कानुन सम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

१०. उपर्युक्त बमोजिमको पुनरावेदन जिकीर तथा विद्वान कानुन व्यवसायीको बहस जिकीरलाई समेत दृष्टिगत गरी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका

महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकीर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. यसमा ठूला करदाता कार्यालय, हरिहरभवन प्रमुख कर प्रशासक श्री धनीराम शर्माबाट भएको मिति २०७५/०२/३१ को निर्णय र प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०४।१८ मा दिएको निवेदन उपर आन्तरिक राजश्व विभागका महानिर्देशक श्री विष्णुप्रसाद नेपालबाट मिति २०७६/०५/०३ भएको निर्णय उपर चित्त नबुझि आयकर ऐन ,२०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम निर्धारित (विवादित) अग्रिम पारिश्रमिक कर रु.२,४५,६७७/- को पचास प्रतिशतले हुने पुनरावेदन धरौटी रु.१,२२,८३८।५० राख्नु पर्नेमा कुल विवादित कर भन्दा पनि वढी भौचर नं. २२०६६६ मिति २०७५।०४।१५ राजस्व शिर्षक नं.११११२ (पारिश्रमिक कर) रु.२,५०,३२१।३० र विवादरहित रु.१,७३,४३८।- दाखिला गर्नु पर्नेमा रु.१,७६,७१६।७० दाखिला गरी कुल निर्धारित अग्रिम कर रु.४,१९,११५।- दाखिला गर्नु पर्नेमा मिति २०७५।०४।१५ मा भौचर नं. २२०६६४, २२०६६५ र २२०६६६ बाट क्रमशः राजस्व शिर्षक नं.११123 (निकायको मुनाफमा लाग्ने कर -प्राइभेट लिमिटेड कम्पनी) मा रु.१,७०,२९६।५८, राजस्व शिर्षक नं.११131 (सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर) मा रु.६,४२०।१२ र राजस्व शिर्षक नं.११११२ (पारिश्रमिक कर) मा रु.२,५०,३२१।३० समेत रु.४,२७,०२८।- पुनरावेदन धरौटी वापत राजस्व खातामा दाखिला गरेको वेहोरा पुनरावेदन पत्र मै उल्लेख गरे मुताविक मिति २०७६।०९।०३ मा पुनरावेदन पत्र दर्ता भएको देखियो ।

१२. निर्णय तर्फ विचार गर्दा, करदाताले आ.व.०७०/०७१ मा लेखा परीक्षण शुल्क आन्तरिक तथा बाह्य खर्च लेखिएकोमा सो खर्चमध्ये लेखा परीक्षण शुल्क आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अग्रिम कर कट्टी गरि दाखिला गरेको र लेखा परीक्षणसंग सम्बन्धित अन्य खर्चहरु लेखा परीक्षण कार्यका साथै आन्तरिक लेखा परीक्षण कार्य समेत सम्पन्न गर्नका लागि भुक्तानी गरिने भएको र एकमुष्ट रुपमा लेखा परीक्षण सम्पन्न गर्नका लागि सम्झौता भएकोले यस्ता रकमहरु समावेश भएको कुल रकममा नै अग्रीम करकट्टी गर्नुपर्नेमा सो नगरेको, घटी दाखिला भएको घरबहाल कर दाखिला गर्नुपर्ने, कर्जा सुविधाको सम्बन्धमा प्रचलित व्याजदर भन्दा सहुलियत दरमा कर्जा उपलब्ध गराएको सो अनुसार हुन आउने फरक रकमलाई आयमा समावेश गरी कर दाखिला नगरेको हुंदा अग्रिम कर कट्टी दाखिला गर्नुपर्ने गरि शुरु कार्यालयबाट भएको आदेश सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट निर्णय भएको देखिन्छ।

१३. करदाताले आ.व.०७०/०७१ मा लेखा परीक्षण शुल्क आयकर ऐन,२०५८ को दफा ८८ बमोजिम अग्रिम कर कट्टी गरि दाखिला गरेको देखिन्छ।लेखा परीक्षणसंग सम्बन्धित अन्य खर्चहरु लेखा परीक्षणका कार्यका साथै आन्तरिक लेखा परीक्षण कार्य समेत सम्पन्न गर्नका लागि भुक्तानी गरिने र एकमुष्ट रुपमा लेखापरीक्षण सम्पन्न गर्नका लागि सम्झौता भएको यस्ता रकमहरु समावेश भएको कुल रकममा नै अग्रिम करकट्टी गर्नुपर्ने हुन्छ।करदाताले सम्झौतामा भएको यस्ता रकमहरु समावेश भएको कुल रकम अग्रिम करकट्टी गरेको देखिदैन।त्यस्तै आयकर ऐन, २०५८ को दफा ८८ (१) मा "नेपालमा स्रोत भएको व्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क भुक्तानी गर्दा र सो व्यक्ति स्वीकृत अवकाश कोष भएमा कुनै अवकाश भुक्तानीको रकमा भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने " भनि स्पष्ट कानुनी व्यवस्था रहेको देखिन्छ। यसरी ऐनमा भएको व्यवस्था हुदाँहुदै करदाताले सो लाग्ने रकमको अग्रिम कर कट्टी गरेको पाइदैन।करदातालाई आयकर ऐन,२०५८ को दफा ८८ (१) बमोजिम १५ प्रतिशतले हुने रकम र सोही रकममा ऐ.ऐनको दफा ११९ बमोजिम लाग्ने व्याज र दफा १२०(क) बमोजिमको ५० प्रतिशतले लाग्ने शुल्क समेत दाखिला गर्ने गरी आयकर ऐन,२०५८ को दफा ९० को उपदफा (८) बमोजिम गरेको निर्णय मिलेकै देखिन आयो।

१४. यस्तै करदाताले घर बहाल कर कट्टी गरिएको रकम घटी दाखिला भएको अग्रिम कर कट्टी भएको बहाल कर भुलवश घटी दाखिला भएको भनि लिखित जवाफ पेश गरिएको देखिन्छ। घटी दाखिला भएको रु.४००१।०० र आयकर ऐन,२०५८ को दफा ११९ बमोजिम सो घटी दाखिला भएको रकमको व्याज रु.२३००।०० समेत जम्मा रु.६३०१।०० आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम दाखिला गर्ने गरि शुरु कार्यालयबाट भएको निर्णय मिलेकै देखिन आयो।

१५. आ.व.०७०/०७१ मा करदाताले आफ्ना कर्मचारीलाई दिएको सहुलियत कर्जा ८ प्रतिशतका दरले व्याज लिने गरिएको, जुन करदाताको लागत (Cost Of Fund) भन्दा ०.३६ प्रतिशतले बढी रहेको र अन्य बैंकले ८ प्रतिशतले नै कर्जा प्रवाह गरेको अवस्थामा करदाताले सोही दरमा नै आधार मानी सापटी व्याज दिएको, सहुलियत ऋण वापत तिरेको व्याज प्रचलित व्याजदर अनुसार तिर्नुपर्ने व्याज रकम भन्दा कम भएको देखिन्छ।प्रचलित व्याजदर नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको Macroeconomic Indicators Of Nepal नामक प्रतिवेदन अनुसारमा उल्लेखित व्याजदर १०.५५ प्रतिशत रहेको र सोही व्याजदरलाई प्रचलित व्याजदर मान्नुपर्ने देखिन्छ। त्यस्तै आयकर ऐन,२०५८ को दफा २७(१)(घ) मा कुनै आय वर्षमा भुक्तानी प्राप्त गर्नुपर्ने कुनै व्यक्तिले ऋण वापत तिरेको व्याज प्रचलित व्याजदर अनुसार तिर्नुपर्ने व्याज रकम भन्दा कम भएमा सो कम भएजति रकमलाई प्रमाणिकरण गरी सोही ऐनको दफा ८(२)(छ)

बमोजिम सम्बन्धित आयमा समावेश गर्नुपर्ने" व्यवस्था रहेको देखिन्छ। प्रचलित दरमा भन्दा सहुलियत दरमा कर्जा उपलब्ध गराएको सो अनुसार हुन आउने फरक रकमलाई कर्मचारीको आयमा समावेश गरी कर दाखिला गर्नुपर्नेमा सो गरेको नदेखिदां करदाताको पुनरावेदन जिकीरसंग सहमत हुन सकिएन।

१६. तसर्थ माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाताको आ.व. ०७०/०७१ को अग्रिम कर कट्टी निर्धारणको सम्बन्धमा ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरले मिति २०७५।०२।३० मा गरेको निर्णय र सोही निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०५।०३ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक करदाताको पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू।

२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

३. प्रस्तुतफैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनू।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

उक्त रायमा मेरो सहमति छ।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

फैसला तयारीमा सहयोग पुऱ्याउनहुनेः-

इजलास अधिकृतः सनिता लामा
फैसला मितिः-२०७९।०३।२८।०३
प्रमाणिकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौ मुकाम ललितपुरको छाप